श्री

उच्च अदालत तुलसीपुर, बुटवल इजलास

संयुक्त इजलास

इजलास नं. १

माननीय न्यायाधीश श्री बासुदेव आचार्य

माननीय न्यायाधीश श्री तेजनारायण पौडेल

आदेश

मुद्दाः- सहकारी ठगी सम्बन्धी कसूर र संगठित अपराध।

मुद्दा नं. ०८२-RE-०१५६

रवि लामिछाने ........................................................................................ निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार......................................................................................... विपक्षी/वादी

मुद्दा नं. ०८२-RE-०१६०

छविलाल जोशी ..................................................................................... ... निवेदक/प्रतिवादी

विरुद्ध

नेपाल सरकार......................................................................................... विपक्षी/वादी

निवेदन प्रतिवेदन सहित मिसिल संलग्न कागजातहरु अध्ययन गरी निवेदक/प्रतिवादी रवि लामिछानेको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री महेन्द्र प्रसाद पाण्डे, श्री बाबुराम पाण्डे, डा. श्री नारायणदत्त कंडेल, श्री दिपेन्द्र झा, निवेदक प्रतिवादी छविलाल जोशीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शिव प्रसाद गौडेल, अधिवक्ता श्री मनोज कुमार चौधरी र अधिवक्ता श्री रोचक जोशी तथा विपक्षी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधीवक्ता श्री सन्देश श्रेष्ठ, विद्वान सहायक न्यायाधीवक्ता श्री वसन्तराज पोखेल तथा जाहेरवाला नारायण बहादुर पहराईको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री सञ्जीव घिमिरेले गर्नुभएको बहस तथा जाहेरवाला विजय कुमार नेपालले राखुभएको भनाइ समेत सुनियो।

<u>रुपन्देही जिल्ला अदालत,</u>

यसमा, निवेदक/प्रतिवादी रवि लामिछानेको निवेदनका सन्दर्भमा विचार गर्दा निजले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको बिगो मध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्दाको पूर्पक्ष गरीपाउँ भन्ने देखिन्छ। प्रतिवादीले बिगोको हकमा दामासाहीले हुने रकम जमानत दिई बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखियो। बचत कर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता देखिँदा निजले दिएको बैंक जमानत निम्न शर्तमा स्वीकार गरी मुद्दाको कारबाही अगाडी बढाउनू।

१. सुरु जिल्ला अदालतले मिति २०८१।१०।१३ मा सुरु थुनछेकको क्रममा माग गरेको धरौटी रकम दफा ६८ अनुसार स्वीकार गर्ने।
२. प्रतिवादीले निवेदन साथ पेश गरेको बैंक जमानत (ग्यारेन्टी) रु. २,७४,८४,०००।- बिगोका हकमा सुरक्षित गर्ने।
३. प्रतिवादी व्यक्तिगत वा संस्थागत रुपमा विदेश यात्रा गर्नु परेमा अदालतलाई पूर्व जानकारी दिने।
४. सुरु जिल्ला अदालतको मिति २०८२।४।२६ को आदेश बदर गरिदिएको छ।
५. अदालतबाट फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा साथै फैसलाले बिगोका हकमा थप दायित्व सृजना गरेमा तिर्न बुझाउन मञ्जुर भए सो को कागज गरी प्रतिवादी रवी लामिछानेलाई प्रस्तुत मुद्दाको रोहबाट थुनामुक्त गर्नू।

प्रतिवादी छविलाल जोशीका हकमा विचार गर्दा निजले दिएको निवेदनमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१(२) अन्तर्गतको निवेदन व्यहोराका साथै आजै यसै इजलास समक्ष बहसको क्रममा कानून व्यवसायीबाट मेरो हकमा दामासाहीले कायम हुने बिगो वापत जमानत दिई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७१ अनुसार आदेश गरीपाउँ भनी जमानतको छायाप्रति सहित अनुरोध गरेको देखिँदा सो समेतको परिस्थितिलाई विचार गरी मिति २०८२।६।२६ मा भएको सुरु जिल्ला अदालतको आदेश बदर गरिदिएको छ। पक्षले सक्कल प्रमाण सहित निवेदन दिएमा पूनः विचार गर्नु भनी सक्कल मिसिल सुरु जिल्ला अदालतमा पठाईदिनू।

२०८२।९।३

न्यायाधीश

२०८२।९।३

न्यायाधीश

इति सम्वत् २०८२ साल पौष ३ गते रोज ५ शुभम्..............................................................।